**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १४ मार्च २०२३

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. एक उच्चस्तरीय समितिले आज नयाँ दिल्लीमा राष्ट्रपति द्रौपदी मुर्मूलाई एक राष्ट्र एक चुनाउ सम्बन्धी आफ्नो प्रतिवेदन बुझाएको छ ।

२. केन्द्रीय गृहमन्त्री अमित शाहले नागरिकता संशोधन कानून (सीएए) नागरिकता को अधिकार प्रदान गर्ने कानून हो र यसले कसैबाट नागरिकता खोस्ने छैन भनी आफ्नो भनाईलाई दोहोर्याउनु भएको छ ।

३. भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे भारतको पाँचदिवशीय भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नुभएको छ ।

४. दार्जिलिङ पहाडमा होमस्टेको विस्तारले पर्यटन व्यवसायमा नयाँ आयाम थपेको छ ।

**राष्ट्रपति – एक राष्थ्र एक चुनाव**

एक उच्चस्तरीय समितिले आज नयाँ दिल्लीमा राष्ट्रपति द्रौपदी मुर्मूलाई एक राष्ट्र एक चुनाउ सम्बन्धी आफ्नो प्रतिवेदन बुझाएको छ। पूर्व राष्ट्रपति रामनाथ कोविंदको अध्यक्षतामा गठित उच्चस्तरीय समितिले आफ्नो रिपोर्ट राष्ट्रपति द्रौपदी मुर्मू समक्ष सुम्पिएको छ। केन्द्रीय गृहमन्त्री अमित शाह, कानुन तथा न्यायमन्त्री अर्जुनराम मेघवाल, पन्ध्रौं वित्त आयोगका पूर्व अध्यक्ष एनके सिंह लगायतको उपस्थितिमा प्रतिवेदन बुझाइएको हो। कानून तथा न्याय मन्त्रालयका अनुसार, एक राष्ट्र एक चुनाउ आकांक्षी भारतको मूल आधार हो। १८ हजार ६ सय २६ पृष्ठको प्रतिवेदन सरोकारी , विशेषज्ञहरुसँगको विस्तृत चर्चा र १ सय ९१ दिनको अनुसन्धानको परिणाम हो भनि बताइएको छ I

****** ० ******

**अमित शाह सी.ए.ए**

केन्द्रीय गृहमन्त्री अमित शाहले नागरिकता संशोधन कानून (सीएए) नागरिकता को अधिकार प्रदान गर्ने कानून हो र यसले कसैबाट नागरिकता खोस्ने छैन भनी आफ्नो भनाईलाई दोहोर्याउनु भएको छ। एक समाचार एजेन्सीलाई दिएको अन्तर्वार्तामा शाहले भन्नुभएको छ -, 'सी.ए.ए.ले अफगानिस्तान, बंगलादेश र पाकिस्तानबाट आएका हिन्दू, बौद्ध, जैन, सिख, इसाई र पारसी शरणार्थीहरुलाई अधिकार र नागरिकता प्रदान गर्नेछ। नागरिकता संशोधन कानून, सीएए को प्रावधान अनुसार सबै प्रकारको समान अधिकार पाउने छ ताकी उनीहरु भारतको नागरिक बन्न सकोस् I केन्द्रीय मंत्री श्री शाहले अझ भन्नुभएको छ -'उनीहरूलाई यो देशको नागरिक सरह नागरिकताको सूचीमा थपिनेछ र उनीहरू चुनाव लड्न र सांसद, विधायक, मुख्यमन्त्री र मन्त्री बन्न सक्नेछन्। उहाले राष्ट्रिय नागरिक पञ्जीकरण, एनआरसीको सीएएसँग कुनै सम्बन्ध नरहेको स्पष्ट पार्नुभएको छ। केन्द्रीय मन्त्रीले भन्नुभएको छ -, "अल्पसंख्यकहरू डराउनु पर्दैन किनकि सीएएमा कसैको नागरिकता खोस्ने कुनै प्रावधान छैन। उहाले अझ भन्नुभएको छ , 'कसैका लागि ढोका बन्द गरिएको छैन र मुस्लिमलाई पनि नागरिकताका लागि आवेदन दिने अधिकार छ।, '१५ अगस्ट सन् १९४७ देखि ३१ डिसेम्बर सन् २०१४ को बीचमा भारत प्रवेश गरेका सबै मानिसहरुलाई यो देशमा स्वागत छ भनि श्री शाहले बताउनुभएको छ।

****** ० ******

**पी.एम मतदान**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज देशभरिका पहिलो पटक मतदान गर्ने मतदाताहरुको उत्साहलाई चित्रण गर्दै एउटा भिडियो साझा गर्नुभएको छ। प्रधानमन्त्री श्री मोदीले सामाजिक सञ्जाल एक्समा भन्नुभएको छ - 'देशभरिका युवा मतदाताले मेरो पहिलो भोट देशका लागि हो भनिरहेका छन्।

****** ० ******

**पी.एम भूटान- भ्रमण**

भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे भारतको पाँचदिवशीय भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नुभएको छ। यस बर्षको जनवरीमा पदभार ग्रहण गरेपछि उहाको यो पहिलो विदेश भ्रमण हो। उहालाई दिल्ली विमानस्थलमा केन्द्रीय मन्त्री अश्विनीकुमार चौबेले स्वागत गर्नुभयो । भ्रमणको क्रममा भुटानका प्रधानमन्त्रीले राष्ट्रपति द्रौपदी मुर्मूसँग भेट गर्नुका साथै प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्ने कार्यक्रम रहेको विदेश मन्त्रालयले जनाएको छ। प्रधानमन्त्री छिरिङ तोब्गेले मुम्बईको पनि भ्रमण गर्नुहुनेछ। भ्रमण दलमा प्रधानमन्त्री दाशो छिरिङ तोब्गेका साथ विदेश तथा विदेश व्यापार मन्त्री, ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री, उद्योग, वाणिज्य तथा रोजगारमन्त्री र भुटान सरकारका वरिष्ठ अधिकारीले भाग लिने छन् । भारत र भुटानबीच सबै तहमा विश्वास, सद्भाव र पारस्परिक समझदारीमा आधारित मित्रता र सहयोगको अनुकरणीय सम्बन्ध रहेको विदेश मन्त्रालयले जनाएको छ। भुटानका प्रधानमन्त्रीको भ्रमणले दुवै पक्षलाई अद्वितीय सम्झौतामा भएको प्रगतिको समीक्षा गर्न र भारत र भुटानबीचमित्रता र सहयोगको स्थायी सम्बन्ध विस्तार गर्ने तरिका र साधनहरूमा चर्चा गर्ने अवसर प्रदान गर्ने मन्त्रालयले जनाएको छ।

****** ० ******

**प्रधान मंत्री स्वदेश नीति**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री–स्वनिधि योजना सडक बिक्रेताका लागि जीवनरेखा सावित भएको बताउनु भएको छ। दिल्लीमा एक लाख सडक विक्रेताहरूलाई यस योजना अन्तर्गत ऋण वितरण गर्ने क्रममा प्रधानमन्त्री स्वनिधि लाभार्थीहरूलाई सम्बोधन गर्नुहुदै श्री मोदीले भन्नुभएको छ - मानिसहरूले कोभिडको समयमा सडक विक्रेताहरूको शक्ति देखेका थिए। उहाले अझ भन्नुभएको छ -, 'आजको स्वनिधि महोत्सव ती व्यक्तिहरूका लागि समर्पित छ जो सँधै वरिपरि रहन्छन् र जसको अभावमा मानिसहरूले आफ्नो जीवनको कल्पना गर्न सक्दैनन्। प्रधामन्त्री श्री मोदीले सडक किनारका पसलेहरूलाई उनीहरुको सामाजिक योगदानका लागि बधाई दिनुभएको छ ।

****** ० ******

**सड़क यातायात मंत्री**

केन्द्रीय सडक, यातायात र राजमार्ग मन्त्री नितिन गडकरीले कर्नाटकमा २९५ सडक विकास परियोजनाहरूको लागि एक हजार ३८५ करोड रुपिया भन्दा अधिकको स्वीकृत गर्नुभएको छ। उहाले भन्नुभएको छ -, 'यो प्रयासको उद्देश्य पूर्वाधारको स्तरोन्नती गर्नु मात्र होइन, सम्पर्क सुधार गर्नु का साथै सामाजिक–आर्थिक विकासलाई बढावा दिनु पनि हो। गडकरीले तेलंगानामा कुल ४३५ किलोमिटर भन्दा अधिक लम्बाइका ३१ राज्य सडक परियोजनाहरूको विस्तार र सुदृढीकरणका लागि ८५० करोड रुपिया स्वीकृत गर्नुभएको छ। केन्द्रीय मंत्री श्री गडकरी , "यो पहलले आर्थिक वृद्धिलाई बढावा दिनेछ साथै स्थानीय पर्यटनलाई बढावा दिने तथा क्षेत्रीय अर्थव्यवस्थालाई सम्वृद्ध बनाउने बताउनु भएको छ।

****** ० ******

**लैंगिक असमानता सुचनकांक**

लैंगिक असमानता सूचकाङ्क २०२२ मा भारतले १४ औ स्थानको महत्वपूर्ण फड्को मारेको छ। यू.एन.डी.पी.ले सार्वजनिक गरेको मानव विकास प्रतिवेदन २०२३–२४ अनुसार सन् २०२२ को जी.आई.आई.मा ०.४३७ अंक प्राप्त गरी भारत १९३ देशमध्ये १०८ औं स्थानमा छ। महिला तथा बाल विकास मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो जी.आई.आई २०२१ को तुलनामा १४ स्थानको उल्लेखनीय वृद्धि हो, जुन १९१ देशहरूमध्ये ०.४९० अंकका साथ १२२ औं स्थानमा रहेको छ। मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै विगत १० वर्षमा जी.आई.आई.मा देशको स्थान निरन्तर राम्रो हुँदै गएको जनाएको छ।

****** ० ******

**राज्य सरकार अनित थपा**

पश्चिम बंगाल सरकार, वित्त विभाग, लेखापरीक्षण विभागले जारी गरेको ज्ञापनपत्र अनुसार वित्त विभाग र आईटी कर्मीहरुलाई दिनांक 16.09.2011 को संख्या 9008-एफ (पी) अन्तर्गत कवर गरिएका आकस्मिक / दैनिक रेटेड / अनुबंधित श्रमिक,पारा शिक्षकहरू, SSK र MSK शिक्षकहरू, आशा कार्यकर्ताहरू, स्वास्थ्य कार्यकर्ताहरू, आंगनवाड़ी कार्यकर्ताहरू, आंगनवाड़ी सहयोगीहरू, नागरिक स्वयंसेवकहरू (civic volunteer), गाउँ प्रहरी स्वयंसेवकहरू, गृहरक्षक स्वयंसेवकहरूले पाउने टर्मिनल बेनिफिटमा फेरबदल गरेको छ I ६० देखि ६५ वर्षको उमेर पुगेका कर्मचारीलाई एक पटक टर्मिनल लाभको रुपमा पाउँदै गरेको 2 देखि 3 लाखको एकपल्टको लाभलाई बढाएर 5 लाखको लाभ बनाएको छ. यो लाभ ०१.०४.२०२४ देखि लागू हुनेछ I राज्य सरकारको यस निर्णयको स्वागत गर्नुहुदै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन का मुख्य कर्यापाल अनित थापाले -समय लाग्छ तर अधिकार पाईरहेको बताउनुहुदै व्यवहारिकताले नै रचनात्मक उपलब्धि प्रदान गर्नेछ धारणा व्यक्त गर्नुभएको छ I

****** ० ******

**ईडी**

प्रवर्तन निदेशालय (ईडी) का अधिकारीहरूले आज चेन्नई र उपनगरीय क्षेत्रका विभिन्न व्यवसायिक संस्थाहरूको लगभग १० स्थानहरूमा छापा मारेको छ। यो आकस्मिक खोज तलाशीको कारण स्पष्ट भएको छैन। पछिल्लो दुई हप्तामा ईडीले गरेको यो तेस्रो ठूलो खोजी हो । ईडीको टोलीले चेन्नई शहरका टी नगर, माइलापुर, पल्लवरम, पम्मल, तेनामपेट र केही अन्य स्थानहरूमा एकैसाथ छापा मारेको छ । पल्लवरम र एसटी कुरियर्सको कर्पोरेट अफिसमा पनि यस्तै खोजी अभियान सञ्चालन गरिएको थियो। एसटी कुरियरको वेबसाइटका अनुसार फर्मका प्रबन्ध निर्देशक के नावास कानी पनि रामनाथपुरमका सांसद हुन्। ईडी अधिकारीहरुले टी नगरस्थित साई सुकरान प्रालिको कार्यालय र तेनामपेटस्थित केएस सफ्टवेयर सोलुसन्समा पनि छापा मारेको छ I

****** ० ******

**नवीनीकरण कार्य**

जीर्णोद्धार कार्यको कारण, दोस्रो हुगली सेतुमा आगामी 16 मार्चको राती दुई घण्टाको लागि वाहनहरु बन्द हुनेछ। कोलकाताका पुलिस आयुक्त विनीत कुमार गोयलले यस सम्बन्धी निर्देशिका जारी गरेका छन्। प्राप्त जानकारी अनुसार आगामी शनिबार राति एक बजेदेखि तीन बजेसम्म पुलमा यातायात बन्द हुनेछ। पुल बन्द भएका कारण १६ मार्चको राति कोलकाताबाट आउने सबै वाहनहरुलाई हेस्टिंग्स क्रसिङ ग्रेड रोडबाट सेन्ट जर्ज गेट रोड, स्ट्यान्ड रोड, हावड़ा ब्रिज हुँदै डाइभर्ट गरिनेछ। त्यस्तै हावड़ा दिशाबाट पनि ट्राफिक नियन्त्रण गरिनेछ। सुत्र अनुसार हावड़ाबाट निब्रा क्रसिङ र सन्त्रागाछी हुँदै कोलकाता जाने सबै वाहनहरुलाई डाइभर्ट गरिनेछ।

****** ० ******

**आरएसएस बैठक**

राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को अखिल भारतीय प्रतिनिधि सभाको तीन दिवशीय बैठक भोलि देखि नागपुरमा शुरु हुँदैछ। नागपुरको रेशिमबाग स्थित डा. हेडगेवार स्मृति मन्दिर कम्प्लेक्समा हुने यस बैठकमा संघका विभिन्न क्षेत्रमा कार्यरत ३६ संगठनहरुका १५सय २९ प्रतिनिधिहरुले भाग लिने बताइएको छ । सङ्घका अखिल भारतीय प्रचार प्रमुख सुनिल आम्बेकरका अनुसार आगामी १५ मार्च देखि १७ मार्च सम्म हुने प्रतिनिधिसभाको यही बैठकमा महासचिवको चुनाउ हुनेछ। सरसंघचालक र सरकार्यवाहको आगामी एक वर्षको प्रवासमा पनि मुहार लगाइने उहाले बताउनुभएको छ । बैठकमा समाजको हितमा 'पञ्च परिवर्तन'का लागि विस्तृत चर्चा हुने बताइएको छ ।

****** ० ******

**होली चन्द्रगहण**

होलीमा चन्द्रग्रहणसँगै मीन राशिमा ग्रहण योगको छायाँ रहनेछ। भारतीय समय अनुसार २५ मार्च सोमबार बिहान १० बजेर २३ मिनेटमा चन्द्रग्रहण शुरु हुनेछ। होलीमा यो वर्षको पहिलो चन्द्रग्रहण हुनेछ। चन्द्रग्रहणसँगै एक विशेष योग पनि बन्नेछ। वास्तवमा यो योग सूर्य र राहुको संयोजनबाट बन्नेछ।

****** ० ******

**कलकत्ता उच्चन्यायालय खण्डपीठ**

कलकत्ता उच्च न्यायालयको खण्डपीठले डीए बक्यौताको माग गर्दै नवन्ना बस स्ट्यान्ड नजिकै मार्च र धरनालाई अनुमति दिएको छ। अदालतले शान्तिपूर्ण रुपमा विरोध प्रदर्शन गर्नु जनताको अधिकार भएको र यसलाई रोक्न नसकिने स्पष्ट पारेको छ।

****** ० ******

**ई.डी शाहजहाँ शेख**

ईडीका अधिकारीहरूले शाहजहाँ शेखविरूद्ध आयात-निर्यात मामिलामा भइरहेको जाँचको आधारमा सन्देशखालीका केही स्थानहरूमा छापामारी गरेका छन्। ईडी अधिकारीहरू आज बिहान सन्देशखालीका तीन स्थानहरुमा पुगेका थिए । ईडी सूत्र अनुसार सन्देशखालीका तीनवटा स्थानमा खोजी गरिँदैछ। स्थानीय सूत्र अनुसार माछा व्यापारीहरू बाहेक कन्स्ट्रक्शन कारबारसित सम्बन्धित एकजना कारोबारीको घरमा पनि खानतलासी भइरहेको छ।

****** ० ******